जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ अंक ११९ २०७९ साल मंसिर २१ गते बुधवार (7 Dec. 2022 Wednesday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np

## डेंगीबाट बचौं

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

*यस अंक भित्र :* २ पृष्ठमा : हाम्रा मुद्दा सम्बोधन नभएसम्म.. ३ पृष्ठमा : अशोक राईले भने- एमालेसँग ... ३ पृष्ठमा सैनिक कारबाहीमा पाँच जना...

# सीके राउतद्वारा राष्ट्रपतिसहित विभिन्न राजनीतिक दलका शिर्ष नेतासँग भेटवार्तालाई तिब्रता











**दैनिक समाचारदाता**
**राजविराज, २० मंसिर ।**

सप्तरी क्षेत्र नं. २ का प्रतिनिधिसभा सदस्य एवं जनमत पार्टीका अध्यक्ष डा. सिके राउतले विभिन्न राजनीतिक दलका शिर्ष नेताहरुलाई दिनहुँ भेटवार्ता गर्दैछन् ।

मंगलबार मात्र डा. राउतले राष्ट्रपति विद्यादेवी भण्डारीलाई भेटेका छन् । उनी शीतल निवास पुगेर राष्ट्रपति भण्डारीलाई भेटेका हुन् ।

पहिलोपटक प्रतिनिधिसभा सदस्यमा विजयी भएपछि राउत चर्चामा छन् । एक साताअघि काठमाडौं आइपुगेका राउतले सबै दलका शीर्ष नेतालाई भेटिसकेका छन् ।

प्रतिनिधिसभा निर्वाचनमा उनले सप्तरी २ बाट जसपा अध्यक्ष उपेन्द्र यादवलाई फराकिलो मतान्तरले पराजित गरेका थिए । उनको जनमत पार्टीले प्रतिनिधिसभामा समानुपातिकतर्फ पाँच सिट पाउने देखिएको छ । जनमतलाई सरकारमा सामेल गर्न सत्तारुढ गठबन्धनले प्रस्ताव गरेका छन् ।

सप्तरी-२ बाट प्रतिनिधिसभा सदस्यमा दोब्बर मतान्तरसहित विजयी भएका जनमत पार्टीका अध्यक्ष डा.सीके राउत जनकपुर हुँदै मंसिर १३ गते काठमाडौं पसे । काठमाडौँ पसेलगत्तै उनले विभिन्न पार्टीका नेतासँग भेटघाट गरेका छन् ।

संघ तथा प्रदेशको सत्ताको साँचो आफूसँग रहेको दावी गर्दै उनी सत्ता सहकार्यका लागि नेताहरुको घरघर पुगेर संवाद गरिरहेका छन् । उनले विभिन्न दलका १० जना नेतालाई भेटिसकेका छन् । यद्यपि यो तथ्याङ्कमा अध्यक्ष राउतको सचिवालयले सार्वजनिक गरेको भेटघाट मात्र समेटिएको छ, यस बाहेक पनि उनले थुप्रै भेटघाट

***बाँकी अन्तिम पृष्ठमा***

# करेन्ट लागेर एक युवकको मृत्यु

**दैनिक समाचारदाता**
**रौतहट, मंसिर २० ।**

रौतहटमा करेन्ट लागेर एक युवकको ज्यान गएको छ । मृत्यु हुनेमा जिल्लाको गुजरा नगरपालिका ४ का २५ वर्षीय मेघनाथ चौधरी छन् ।

सोमबार साँझ विद्युत मोटरबाट खेतमा पानी लगाउने क्रममा उनको करेन्ट लागेर मृत्यु भएको प्रहरीले जनाएको छ ।

स्थानीय प्रत्यक्षदर्शीका अनुसार मदिरा सेवन गरी मोटरबाट पानी पटाउने क्रममा सोमबार साँझ करेन्ट लागेर अचेत भएका चौधरिलाई उपचारका लागि कनकपुर अस्पतालमा लैजाँदा चिकित्सकले मृत घोषणा गरेका थिए ।

# मुद्दा खारेज गरि रिहाइ गर्न सरकारलाई विप्लव नेतृत्व नेकपाको दबाब

**दैनिक समाचारदाता**
**काठमाडौं, २० मंसिर ।**

विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी (नेकपा) ले आफ्ना पार्टीका नेता, कार्यकर्तामाथि लगाइएको मुद्दा खारेज गरि तत्काल जेलबाट रिहाइ गर्न सरकारलाई दबाब दिएको छ ।

मंगलबार सिंहदरबारमा गृहमन्त्री बालकृष्ण खाणसँग भेट गरि नेकपाका प्रवक्ता खड्गबहादुर विश्वकर्मा प्रकाण्डले यस्तो दबाब दिएका हुन् ।

देश चुनावको परिणामसँगै नयाँ सरकार गठनको चरणमा प्रवेश गरिरहेका बेला नेकपाले भने यही सरकारले आफूहरूको माग सम्बोधन गर्नुपर्ने जिकिर गरेको छ ।

वर्तमान सरकारले कानुनी जटिलता पनि हल गरेर नेकपाका नेता, कार्यकर्तामाथि लगाइएको मुद्दा खारेज गर्ने र जेलबाट रिहाइ गर्ने निर्णय मन्त्रिपरिषदबाट गरिसकेकाले त्यसलाई छिटो कार्यान्वयन गर्न सरकारलाई दबाब दिइएको नेकपाका प्रवक्ता प्रकाण्डले बताए ।

केपी ओली नेतृत्वको अघिल्लो सरकारसँग तीन बुँदे सहमति गरि नेकपा शान्ति प्रक्रियामा आएको थियो । तर त्यो सहमति अझै कार्यान्वयनमा नआएको भन्दै नेकपाले असन्तुष्टि जनाउँदै आएको छ ।

# समानुपातिकमा एमाले अग्रता कायमै

काठमाडौँ, २० मङ्सिर (रासस) ।

प्रतिनिधिसभाको समानुपातिकतर्फ नेकपा (एमाले)को अग्रता कायमै छ । मंगलबार दिउँसो १२:३० बजेसम्म निर्वाचन आयोगको प्रणालीमा प्रविष्ट तथ्याङ्कअनुसार एमालेले २८ लाख २४ हजार एक सय २२ मत प्राप्त गरेको छ ।

नेपाली कांग्रेसले २६ लाख ९५ हजार चार सय ३८, नेकपा(माओवादी केन्द्र) ले ११ लाख ६७ हजार तीन सय ९३, राष्ट्रिय स्वतन्त्र पार्टीले ११ लाख २६ हजार ७६, राष्ट्रिय प्रजातन्त्र पार्टीले पाँच लाख ८७ हजार पाँच सय ५६ मत प्राप्त गरेका छन् । साथै, जनता समाजवादी पार्टी नेपालले चार लाख २१ हजार ५५, जनमत पार्टीले तीन लाख ९४ हजार पाँच सय ६१, नेकपा (एकीकृत समाजवादी) पार्टीले दुई लाख ९६ हजार पाँच सय ७१, नागरिक उन्मुक्ति पार्टीले दुई लाख ७१ हजार छ सय ९६ र र लोकतान्त्रिक समाजवादी पार्टी नेपालले एक लाख ६७ हजार तीन सय १५ मत प्राप्त गरेका छन् ।

प्रदेशसभाको समानुपातिक तर्फ प्रदेश १ मा एमालेले छ लाख ६५ हजार चार सय ६०, कांग्रेसले पाँच लाख ६२ हजार नौ सय ५६, राष्ट्रिय प्रजातन्त्र पार्टीले एक लाख ९८ हजार पाँच सय ११,माओवादी केन्द्रले एक लाख ८१ हजार दुई सय ४५ र जनता समाजवादी पार्टी, नेपालले ६१ हजार सात सय २३ मत प्राप्त गरेका छन् ।

मधेस प्रदेशमा कांग्रेसले चार लाख एक सय ४४, एमालेले तीन लाख ५१ हजार सात सय ६८, जनता समाजवादी पार्टी नेपालले दुई लाख ९८ हजार सात सय ७४, जनमत पार्टीले तीन लाख २९ हजार एक सय ७७ र माओवादी केन्द्रले एक लाख ८० हजार आठ सय ६० मत प्राप्त गरेका छन् । नेकपा (एकीकृत समाजवादी) एक लाख १३ हजार नौ सय १५ मत प्राप्त गरेका छन् ।

बाग्मती प्रदेशमा एमालेले पाँच लाख ६२ हजार छ सय ७५, कांग्रेसले चार लाख ७१ हजार नौ सय ६१, राष्ट्रिय प्रजातन्त्र पार्टीले दुई लाख ७२ हजार ८९, माओवादी केन्द्रले दुई लाख ७० हजार तीन सय ७२ र नेपाल मजदूर किसान पार्टीले ६८ हजार छ सय ५४ मत प्राप्त गरेका छन् ।

गण्डकी प्रदेशमा एमालेले तीन लाख ६७ हजार नौ सय ८९, कांग्रेसले तीन लाख ४९ हजार छ सय २८, माओवादी केन्द्रले एक लाख १६ हजार नौ सय ४५, राष्ट्रिय प्रजातन्त्र पार्टीले ५९ हजार चार सय ८३ र नेकपा (एकीकृत समाजवादी) १५ हजार ७६ मत प्राप्त गरेका छन् ।

लुम्बिनी प्रदेशमा एमालेले पाँच लाख ७० हजार नौ सय, कांग्रेसले चार लाख ९९ हजार नौ सय ८६, माओवादी केन्द्रले एक लाख ९८ हजार चार सय ५०, राप्रपाले एक लाख २७ हजार चार सय ५२ र नागरिक उन्मुक्ति पार्टीले एक लाख २५ हजार पाँच सय २१ मत प्राप्त गरेका छन् ।

कर्णाली प्रदेशमा एमालले एक लाख ८३ हजार नौ सय ५०, कांग्रेसले एक लाख ७० हजार सात सय ५६, माआवादीले एक लाख ३७ हजार छ सय २९, नेकपा (एकीकृत समाजवादी) ले १५ हजार आठ सय ६८, राप्रपाले सात हजार नौसय ५१, नेकपा (एकीकृत समाजवादी) ३५ हजार, आठ सय २६, राष्ट्रिय प्रजातन्त्र पार्टी २५ हजार एक सय ८६ र नेपाल मजदूर किसान पार्टी आठ हजार नौ सय ९३ मत प्राप्त गरेका छन् ।

सुदूरपश्चिम प्रदेशमा एमालेले दुई लाख ६३ हजार १७, कांग्रेसले दुई लाख ५८ हजार आठ सय २७, माओवादी केन्द्रले एक लाख २० हजार एक सय ५९, राप्रपाले ४३ हजार एक ४२ र नागरिक उन्मुक्ति पार्टीले ९८ हजार पाँच सय ५७ मत प्राप्त गरेका छन् ।

## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **“बचत गरौं समृद्ध वनौं”**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**

## सम्पादकीय

### रंगशाला कहिलेसम्म उपेक्षित !

राजविराजस्थित राजरंगशाला कबिर डेढ दशकदेखी जिर्णोद्वारको पखाईमा रहेको छ। जिल्लाको एक मात्र ऐतिहासिक रंगशालाप्रति कुनै निकायको ध्यान पुग्न सकेको छैन्। अतिजिर्ण अवस्थामा पुगिसकेको खेलमैदान सरोकारवाला निकाय यसप्रति उदासिन रहेको देखिन्छन्। जिल्ला खेलकुद विकास समितीको मातहतमा रहे पनि रंगशालालाई जिर्ण अवस्थाबाट उकास्न न त खेलकुद विकास समितीले ध्यान दिएको देखिन्छ न त सरकारी निकायले। अहिले यो रंगशाला खेलमैदान भन्दा पनि बढी गौचरणमा परिणत हुँदै शौच गर्ने थलो समेत बन्न पुगेको छ।

बिहान मर्निङ वाक गर्ने स्थान, दिउँसो गौचरण तथा साँझपख डेटिङ थलो र राती शौच गर्न प्रयोग भइरहेको छ। तै पनि कसैको ध्यान पुग्न सकेको छैन्। रंगशाला घेरिएको पर्खालदेखी दर्शक बस्ने प्यारापिट पूर्णरुपमा जिर्ण भइसकेको छ। प्यारापिट जिर्ण भई कुनै पनि बेला दुर्घटना हुन सक्ने सम्भावना समेत बढेको छ। खेलकुदका लागि निर्माण भएको यस रंगशालामा ५० लाख भन्दा बढी रकम माटो पुर्ने काममा प्रयोग भएको तर अवस्था अझै उस्तै छ।

तसर्थ रंगशालाको मर्मत सम्भारका लागि खेलकुद विकास समिती, राजनैतिक दल, बुद्धिजिवी लगायत तीनै तहका सरकारले ध्यान दिनु अत्यन्त आवश्यक छ।

# हाम्रा मुद्दा सम्बोधन नभएसम्म कुनै गठबन्धनमा रहन्नौं : रेशम चौधरी

काठमाडौँ, २० मङ्सिर (रासस)।

नागरिक उन्मुक्ति पार्टीले यस पटकको निर्वाचनमा तीन सिटसहित सङ्घीय संसद्मा प्रवेश गर्दैछ। यो पार्टीको संरक्षकमा रेशम चौधरी हुनुहुन्छ।



प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनमा सङ्घमा प्रत्यक्षतर्फ तीन सिट र प्रदेशमा आठ सिट ल्याएको यो पार्टीले समानुपातिकतर्फ अझै थ्रेस होल्ड कटाउन सकेको छैन। निर्वाचन आयोगका अनुसार समानुपातिकतर्फ यस पार्टीले दुई लाख ७१ हजार छ सय ९६ मत प्राप्त गरेको छ।

यही मङ्सिर ४ गते भएको निर्वाचनमा उहाँकी धर्मपत्नी एवं पार्टी अध्यक्ष रञ्जु श्रेष्ठ कैलाली निर्वाचन क्षेत्र नं १ बाट ३० हजार चार सय चार मतसहित निर्वाचित हुनुभएको छ। उहाँले नेपाली कांग्रेसका उम्मेदवार रामजनम चौधरीलाई पराजित गरी सदनमा प्रवेश गर्नुभएको हो। कांग्रेसका चौधरीले १८ हजार ८१ मत प्राप्त गर्नुभएको थियो।

सोही पार्टीबाट कैलाली क्षेत्र नं २ मा अरुणकुमार चौधरीले २१ हजार आठ सय ७१ मत ल्याएर निर्वाचित हुनुभएको छ। नेकपा (एमाले) का झपटबहादुर रावललाई पराजित गर्दै उहाँ सङ्घको सांसद बन्नुभएको हो। एमालेका रावलले १६ हजार एक सय २८ मत ल्याउनुभएको छ। यस्तै क्षेत्र नं ३ बाट गङ्गाराम चौधरीले नेकपा ( माओवादी केन्द्र) का कृष्णकुमार चौधरीलाई पराजित गर्दै संसदीय यात्रा तय गर्नुभएको छ। गङ्गारामले २३ हजार एक सय २० मत प्राप्त गर्दा उहाँका प्रतिस्पर्धी कृष्णकुमार चौधरीले १७ हजार सात सय ४९ मत ल्याउनुभयो। रेशम चौधरीका पिता लालवीर चौधरी बर्दिया निर्वाचन क्षेत्र नं २ बाट २६ हजार पाँच सय २० मतसहित स्वतन्त्र उम्मेदवारका रूपमा विजयी हुनुभएको छ। उहाँका प्रतिस्पर्धी माओवादी केन्द्रका सुरेश पन्थले २६ हजार तीन सय ८४ मत ल्याउनुभएको छ।

विसं २०७२ भदौ ७ गते कैलालीको टीकापुरमा भएको घटनामा संलग्न भएको अभियोगमा जेल सजाय भोगिरहनुभएका उहाँको पार्टी निर्वाचन परिणाम आएसँगै सरकार गठनका सन्दर्भमा पुनः चर्चामा रहेको छ। सरकार गठनका लागि बहुमत जुटाउने कसरत भइरहेका बेला नागरिक उन्मुक्ति पार्टी कुन कित्तामा उभिन्छ भन्ने पनि जनचासोको विषय छ। निर्वाचन परिणामपछि विकसित राजनीतिक घटनाक्रम र सरकार गठनलगायत समसामयिक विषयमा राससका समाचारदाताद्वय टीकाराम सुनार र सिबी अधिकारीले गर्नुभएको कुराकानीको सारसंक्षेप।

***भर्खरै आम निर्वाचन सम्पन्न भएको छ, निर्वाचनलाई कसरी लिनुभएको छ ?***

- निर्वाचन जनमतको परीक्षण गर्ने थलो हो। यसलाई पार्टीले स्वाभाविक रूपमा लिएको छ। यस पटकको निर्वाचनमा पुराना दलप्रतिको वितृष्णा र नयाँ दलप्रतिको आकर्षण देखियो। परिणामले जनताले परिवर्तन चाहेको देखिएको छ।

***निर्वाचनमा पहिलोपटक भाग लिएको नागरिक उन्मुक्ति पार्टीले ल्याएको मत परिणामबारे यहाँले कसरी समीक्षा गर्नुभएको छ ?***

-निर्वाचनबाट हाम्रो पार्टीको विचार र मुद्दा अनुमोदन भएको छ। जनताले हाम्रा मुद्दालाई २०७४ देखि नै समर्थन गरिरहेका छन्। हामीलाई न्याय देऊ भनेर तीनपटक हाम्रो पक्षमा मतदान भइसकेको छ। जनताको अदालतबाट त हामीले मुक्ति पाइसकेका छौँ। तर राज्यले त्यसलाई सम्बोधन गरेको छैन। जहाँसम्म परिणामको कुरा छ, हामीले छोटो समयमा सङ्घ र प्रदेशमा गरी १२ सांसद पाउँदैछौ। पाँच निर्वाचन क्षेत्रमा हाम्रो पार्टीका उम्मेदवार दुई सयभन्दा कम र नौ स्थानमा एक हजारभन्दा कम मतले पराजित हुनुभएको छ। स्थानीय तहमा करिब सय जना साथीहरू निर्वाचित भइसक्नुभएको छ।

***तपाइँको पार्टीलाई प्राप्त मतलाई कसरी विश्लेषण गर्नुहुन्छ ?***

-टीकापुर घटना राजनीतिक घटना हो। तर पनि हाम्रा साथीहरू जेलमा छन्। कैयौँले मुद्दा खेपिरहनुभएको छ। यस पटक हामीले तीन प्रकारका मतदाताबाट माया पायौँ। टीकापुर घटनाले मन दुःखेका, हाम्रो न्यायका लागि मत राख्नेहरू र नयाँ अपेक्षा राख्ने मतदाताले हामीलाई सहयोग र समर्थन गरी मतदान गर्नुभएको छ।

***अरूबाट कस्तो प्रतिक्रिया पाइरहनुभएको छ ?***

-मैले पुराना दल तथा नेताबाट व्यक्त विचार हेरिरहेको र सुनिरहेको छु। उहाँहरूले हामीहरूलाई बिलाएर जान्छन्, अस्तित्व छैन, दृष्टिकोण नै नभएका भन्नेखालका लाञ्छना लगाइरहनुभएको छ। तर हामीलाई यस्तो आरोप लगाइरहँदा हाम्रो घोषणापत्र एकपटक अध्ययन गरेर मात्र बोलिदिएको भए हुन्थ्यो भन्ने लाग्छ।

***मधेस केन्द्रित दल र पूर्वसहकर्मीप्रतिको बुझाइ के छ ?***

-उहाँहरूप्रति खास केही भन्नु छैन। मैले उहाँहरूलाई सडकमा गइदिनुस्, माइकमा मात्रै बोलेर हुँदैन भनेको थिए। तर उहाँहरूले सहानुभूति बटुल्नका लागि मात्रै बोल्नुभयो। यसमा निकै दुःख लागेको छ। त्यहाँका जनताले पनि मतमार्फत उहाँहरूप्रतिको गुनासो व्यक्त गरिसकेका छन्। अर्को चन्द्रकान्त (सिके) राउत मूलधारको राजनीतिमा आउनु स्वागतयोग्य कुरा हो। उहाँको जनमत पार्टी मधेसमा वैकल्पिक शक्तिका रूपमा उदाएको छ। बाँकी त हेर्नु नै छ।

***निर्वाचनको अन्तिम परिणाम पनि आउने क्रममा छ, सरकार गठनका लागि छलफल पनि भइरहेको छ, यसबीचमा तपाइँसँग कसैको कुराकानी भएको छ ?***

-म आठ वर्षदेखि जेलमा छु। नेपाली कांग्रेस, नेकपा ( एमाले), नेकपा (माओवादी केन्द्र) सधैँ सरकारमै छन्। मधेस केन्द्रित दलका नेताहरू पनि कुनै न कुनै रूपमा सरकारमै हुनुहुन्छ। उहाँहरूबाट हेर्न केही बाँकी छैन। कुराकानी भए पनि नतिजा नदेखिएसम्म अर्थ रहन्न।

***सरकार गठनमा तपाइँहरूको भूमिका के हुन्छ ?***

-हामी सबैसँग सकारात्मक नै छौँ। जबसम्म हाम्रा मुद्दाहरू सम्बोधन हुँदैनन् तबसम्म कुनै विकल्पमा जाँदैनौँ। कुरा प्रस्ट छ, जुन बाटोबाट मलगायत थुप्रै साथीहरू थुनियौँ, मुद्दा खेप्यौँ, त्यसबाट मुक्त गर्नुपर्‍यो।

***त्यसो भए तपाइँहरूको मुख्य माग के हो त ?***

-हाम्रा माग पुरानै छन्। पटक-पटक उहाँहरूलाई भनिएकै हो। टीकापुर घटना राजनीतिक घटना हो त्यहीअनुसार व्यवहार गरिनुपर्थ्यो, हालसम्म गरिएको छैन। फेरि पनि ती माग जसले सम्बोधन गर्ने प्रतिबद्धता जनाउँछ, उहाँहरूसँग सहकार्य हुन्छ। त्यो भनेको रिहाइ र सम्मानजनक क्षतिपूर्तिको व्यवस्था गरिनु पर्दछ।

# प्रदेशसभा सदस्य गुरुङ एकीकृत समाजवादीमा प्रवेश

काठमाडौँ, २० मङ्सिर (रासस)।

गण्डकी प्रदेशसभाका लागि मनाङ प्रदेशसभा निर्वाचन क्षेत्र नं २ बाट निर्वाचित स्वतन्त्र सांसद राजीव गुरुङ नेकपा ( एकीकृत समाजवादी)का प्रवेश गर्नुभएको छ।

सो पार्टीका अध्यक्ष माधवकुमार नेपालले सोमबार आफ्नै निवास कोटेश्वरमा प्रदेशसभा सदस्य गुरुङलाई पार्टी प्रवेश गराउनुभएको हो। उहाँले आफ्नो पवित्र उद्देश्यसँग मेल खाने नीति, सिद्धान्त र विचार नेकपा(एकीकृत समाजवादी)सँग मिल्ने भएकाले सो पार्टी प्रवेश गरेको बताउनुभएको छ। उहाँले राजनीति कमाउनको लागि होइन सेवा भावले निस्वार्थ रूपमा जनताप्रति समर्पित भएर गरिनेकार्य भएको उल्लेख गर्दै भन्नुभएको छ, "यसलाई विकृत हुनबाट जोगाउनु आजको आवश्यकता र हाम्रो दायित्व हो।"

प्रदेशसभा सदस्य गुरुङले परिवर्तित परिस्थितिमा एक्लै रहनुभन्दा राजनीतिक पार्टीको सङ्गठनमा आबद्ध भई त्यसका नीति, विचार र सिद्धान्तबाट निर्देशित हुँदै त्यसको बलमा गरिने पहलकदमी तथा जनसेवा थप प्रभावकारी हुने निष्कर्षमा आफू पुगेको उल्लेख गर्नुभएको छ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# अशोक राईले भने- एमालेसँग तालमेल सकिएको छैन, उपेन्द्र यादवको भनाइ व्यक्तिगत



जनता समाजवादी पार्टी (जसपा)मा एमालेसँगको सहकार्यको विषयमा मतभिन्नता देखिएको छ। पार्टी अध्यक्ष उपेन्द्र यादवले चुनाव लगत्तै एमालेसँगको तालमेल सकिएको अभिव्यक्ति दिए पनि सो पार्टीका संघीय परिषद अध्यक्ष अशोक कुमार राईले भने त्यो यादवको व्यक्तिगत धारणा भएको बताएका छन्।

धरानमा मंगलबार अनलाइनखबरसँग कुरा गर्दै उनले एमालेसँगको तालमेल नसकिएको बताए। एमालेसँगको तालमेल सकिएको भनेर अध्यक्ष यादवले दिएको अभिव्यक्तिबारे राखिएको जिज्ञासामा राईले भने, 'यो उहाँको (अध्यक्ष उपेन्द्र यादवको) व्यक्तिगत धारणा हो। किनभने उहाँले नै सही गर्नु भएको कागजमा निर्वाचन पछि पनि यो तालमेल जारी रहन्छ भन्ने कुरा उल्लेख भएको छ।'

उनले काठमाडौं गएर यसबारे अध्यक्ष यादवसँग छलफल गर्ने र पार्टीको आधिकारिक धारणा सार्वजनिक गर्ने बताए। प्रस्तुत छ राईसँग गरिएको संक्षिप्त कुराकानी-

**तपाईंको अध्यक्ष उपेन्द्र यादवले एमालेसँगको तालमेल सकियो, अब फरक ढंगले जान्छौं भन्नुभएको छ यो उहाँको व्यक्तिगत धारणा हो कि पार्टीको निर्णय हो ?**

यो चाहिँ उहाँको व्यक्तिगत धारणा हो। किनभने उहाँले नै सही गर्नु भएको कागजमा निर्वाचन पछि पनि यो तालमेल जारी रहन्छ भन्ने कुरा उल्लेख भएको छ। तर यसपटकको निर्वाचनले पनि कुनै एउटा पार्टीलाई बहुमत दिएको अवस्था छैन, यस्तो स्थितिमा कसरी जाने भनेर सम्बन्धमा हामीले छलफल गर्न जरुरी छ।

**यहाँलाई के लाग्छ ? यो तालमेल सकेर जाने कि एमालेसँग सहकार्य गरेर ?**

हामी छलफल गर्छौं। हामीले परिस्थिति हेरेर मुलुकमा अस्थिरता नबढोस्, स्थिर सरकार दिन सकियोस् र जनताको सेवा गर्ने अनुकूल वातावरण नै बनाउन सकियोस् भन्ने सम्बन्धमा हाम्रो जोड रहन्छ।

**तपाईंको टिमको धारणा एमालेसँग सहकार्य गरेर जानुपर्छ भन्ने रहेको र अध्यक्षको चाहिँ फरक भनाइ आएको भनेर टिप्पणी आएको छ नि ?**

त्यसमा हाम्रो कुनै मतभिन्नता भन्ने कुरा छैन। हिजो जे सहमति गरियो, त्यो पनि सहमतिपूर्वक नै भएको हो, अब हामी जे गर्छौं त्यो पनि सहमतिपूर्वक नै गर्छौं।

**त्यसो भए अध्यक्षले भनेको व्यक्तिगत कुरा नै हो ?**

त्यो अहिलेलाई उहाँको व्यक्तिगत नै कुरा हो। किनभने हाम्रोबीचमा बैठक बसेर छलफल भएको छैन। एमालेसँग भएको सहमति पत्रमा उल्लेख भएको कुरा के हो भने निर्वाचनको तालमेल र निर्वाचन पछिको तालमेल जारी राख्ने भन्ने कुरा हो। त्यस आधारमा मैले भन्न खोजेको हो।

**भनेपछि कहिलेसम्म आउला त तपाईंहरुको आधिकारिक धारणा ?**

अब हामी छिटै नै बस्छौं। यहाँ निर्वाचन क्षेत्र नम्बर १ सुनसरीमा म आज बस्ने अन्तिम दिन हो, थ्यांकस गिभिङको लागि। निर्वाचन परिचालन समितिले बनाएको यो कार्यक्रम सकिएपछि म काठमाडौं जान्छु र हामी बसेर कुराकानी गर्छौं।

**तपाईंलाई अब बन्ने नयाँ सरकारको नेतृत्व कसले गर्नुपर्छ भन्ने लाग्छ ?**

सरकार बनाउने प्रयासहरु चलिरहेको कुरा सुनेको छु। सबैभन्दा ठूलो दलको हिसाबले नेपाली कांग्रेसले सरकार गठनको पहल गर्नुपर्ने अवस्था छ। गठबन्धनले नेतृत्व गरेर सरकार बन्ने सम्भावना देख्छु। यदि त्यो सम्भावना यदि साकार हुन सकेन भने त्यसपछिको मुख्य दल नेकपा एमालेले पनि प्रयत्न गर्ने अवस्था रहला। जहाँसम्म हाम्रो जनता समाजवादी पार्टीको कुरा छ, अहिले जनताहरुलाई थ्यांकस गिभिङमा लागिरहेका छौं। समानुपातिकको मत बाँडफाँट चलिरहेको हुँदा समग्र सिट संख्याको तस्वीर आइसकेपछि मात्रै बैठकबाट आफ्नो दृष्टिकोणलाई अघि साछौं।

# ६५ निर्वाचन क्षेत्रबाट कुन दलका को को सांसद बने ?

**दैनिक समाचारदाता**
**काठमाडौं २० मंसिर।**

निर्वाचन आयोगले प्रतिनिधि सभाका १ सय ६५ वटै निर्वाचन क्षेत्रको मतपरिणाम सार्वजनिक गरेको छ।

मंसीर १९ गते बिहान दोलखाको मतगणना सकिएसँगै सबै निर्वाचन क्षेत्रको मतपरिणाम आएको हो। दोलखाबाट नेकपा (माओवादी केन्द्र)का उम्मेदवार गंगा कार्की प्रतिनिधि सभा सदस्यमा निर्वाचित भएका छन्। यहाँका १० वटा मतदानकेन्द्रमा पुनः मतदान भएकाले ढिलाइ भएको हो।

नेपाली कांग्रेसले ५७, नेकपा (एमाले) ले ४४, माओवादीले १८, नेकपा (एकीकृत समाजवादी)ले १०, जनता समाजवादी पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी र राष्ट्रिय स्वतन्त्र पार्टीले सात-सात, लोकतान्त्रिक समाजवादी पार्टीले चार, नागरिक उन्मुक्ति पार्टीले तीन, राष्ट्रिय जनमोर्चा, नेपाल मजदुर किसान पार्टी र जनमत पार्टीले एक-एक सीट जितेको छ। त्यस्तै, पाँच जना स्वतन्त्र उम्मेदवार पनि निर्वाचित भएका छन्।

**नेपाली कांग्रेसका सांसदः**

१) विश्व प्रकाश शर्मा (झापा-१)
२) दीपक खड्का (संखुवासभा)
३) सीता गुरुङ (तेह्रथुम)
४) डिगबहादुर लिम्बू (मोरङ-१)
५) शुनिलकुमार शर्मा (मोरङ-३)
६) डा. शेखर कोइराला (मोरङ-६)
७) ज्ञानेन्द्रबहादुर कार्की सुनसरी-४)
८) रामहरि खतिवडा (ओखलढुंगा)
९) डा. नारायण खड्का (उदयपुर-१)
१०) दिनेशकुमार यादव (सप्तरी-३)
११) तेजुलाल चौधरी (सप्तरी-४)
१२) रामकृष्ण यादव (धनुषा-२)
१३) महेन्द्र कुमार राय (महोत्तरी-४)
१४) देवप्रसाद तिमलसेना (रौतहट-४)
१५) अजयकुमार चौरसिया (पर्सा-२)
१६) रमेश रिजाल (पर्सा-४)
१७) पूर्णबहादुर तमाङ (रामेछाप-१)
१८) श्यामकुमार घिमिरे (सिन्धुली-१)
१९) मोहन आचार्य (रसुवा)
२०) रामनाथ अधिकारी (धादिङ-२)
२१) अर्जुन नरसिंह केसी (नुवाकोट-२)
२२) प्रकाशमान सिंह (काठमाडौं-१)
२३) सन्तोष चालिसे (काठमाडौं-३)
२४) गगनकुमार थापा (काठमाडौं-४)
२५) प्रदीप पौडेल (काठमाडौं-५)
२६) राजेन्द्रकुमार केसी (काठमाडौं-१०)
२७) दुर्लभ थापा क्षेत्री (भक्तपुर-२)
२८) उदय शम्शेर राणा (ललितपुर-१)
२९) मोहनबहादुर बस्नेत (सिन्धुपाल्चोक-२)
३०) राजेन्द्र बजगाई (गोरखा-१)
३१) टेकबहादुर गुरुङ (मनाङ)
३२) रामचन्द्र पौडेल (तनहुँ-१)
३३) शंकर भण्डारी (तनहुँ-२)
३४) राजु थापा (स्याङ्जा-१)
३५) धनराज गुरुङ (स्याङ्जा-२)
३६) शशांक कोइराला (नवलपरासी पूर्व-१)
३७) विष्णुकुमार कार्की (नवलपरासी पूर्व-२)
३८) योगेश गौचन थकाली (मुस्ताङ)
३९) खमबहादुर गर्बुजा (म्याग्दी-१)
४०) चन्द्रकान्त भण्डारी (गुल्मी-१)
४१) सुरेन्द्रराज आचार्य (कपिलवस्तु-२)
४२) दीपक गिरी (दाङ-३)
४३) किशोरसिंह राठोर (बाँके-३)
४४) सञ्जयकुमार गौतम (बर्दिया-१)
४५) विनोदकुमार चौधरी (नवलपरासी पश्चिम-१)
४६) ऐनबहादुर शाही ठकुरी (मुगु)
४७) दिक्पालकुमार शाही (दैलेख-२)
४८) पूर्णबहादुर खड्का (सुर्खेत-१)
४९) हृदयराम थानी (सुर्खेत-२)
५०) बद्रीप्रसाद पाण्डे (बाजुरा)
५१) पुष्पबहादुर शाह (अछाम-२)
५२) वीरबहादुर बलायर (कैलाली-४)
५३) डिल्लीराज पन्त (कैलाली-५)
५४) दिलेन्द्रप्रसाद बडू (दार्चुला)
५५) शेरबहादुर देउवा (डडेलधुरा)
५६) नारायण प्रकाश साउद (कञ्चनपुर-२)
५७) रमेश लेखक (कञ्चनपुर-३)

**नेकपा (एमाले)का सांसदः**

१) योगेश कुमार भट्टराई (ताप्लेजुङ)
२) वसन्तकुमार नेम्वाङ (पाँचथर)
३) महेश बस्नेत (इलाम-१)
४) सुवासचन्द्र नेम्वाङ (इलाम-२)
५) देवराज घिमिरे (झापा-२)
६) लालप्रसाद साँवा लिम्बू (झापा-४)
७) केपी शर्मा ओली (झापा-५)

*बाँकी अन्तिम पृष्ठमा*

## विश्व समाचार

### सैनिक कारबाहीमा पाँच जना आतङ्ककारी मारिए

इस्लामावाद, २० मङ्सिर (रासस/सिन्ह्वा)।

पाकिस्तानको उत्तरपश्चिम खैबर पख्तुनख्वा प्रान्तमा गुप्तचर सूचनामा आधारित सैन्य कारबाहीमा पाँच जना आतङ्ककारी मारिएका छन्।

पाकिस्तानी सेनाको सञ्चार इकाइका अनुसार खैबर पख्तुनख्वा प्रान्तको उत्तरी वजिरिस्तानस्थित झल्लार जिल्लाको अल्गाद क्षेत्रमा गरिएको कारबाहीमा एक जना सैनिक जवानको पनि मृत्यु भएको छ।

कारबाहीका क्रममा सुरक्षा बल र आतङककारीबीच भीषण गोली हानाहान भएको थियो।

मारिएका आतङ्रीबाट हतियार र गोलाबारुद बरामद गरिएको छ। उनीहरूले सुरक्षा बलविरुद्ध आतङ्ककारी गतिविधि गरेका तथा निर्दोष नागरिकलाई आक्रमणको निशाना बनाउँदै आएका थिए। उक्त क्षेत्रमा सैन्य कारबाही जारी छ।

### लिबियाको तटबाट छ सय ३३ आप्रवासीको उद्धार

त्रिपोली, २० मङ्सिर (रासस/सिन्ह्वा)।

आप्रवासीका लागि अन्तर्राष्ट्रिय सङ्गठन (आईओएम)ले सोमबार लिबियाको तटबाट ६३३ आप्रवासीलाई उद्धार गरी गत हप्ता उत्तर अफ्रिकी देशमा फिर्ता पठाइएको जनाएको छ।

यहि २०२२ नोभेम्बर २७ देखि डिसेम्बर ३ को अवधिमा ६३३ आप्रवासीलाई रोकेर लिबिया फर्काइएको आईओएमले एक विज्ञप्तिमार्फत जनाएको हो।

सन् २०२२ को शुरुबाट हालसम्म एक हजार ८९ महिला र छ सय ७८ बालबालिकासहित कुल २१ हजार चार सय ५७ आप्रवासीलाई उद्धार गरी लिबिया फर्काइएको आईओएमले जनाएको छ।

यसवर्ष अहिलेसम्म कूल पाँच सय १७ गैरकानूनी आप्रवासीको मृत्यु भएको छ भने आठ सय ३० जनामध्य भूमध्यसागरीय मार्गमा लिबियाको तटबाट बेपत्ता भएका आईओएमले थप जानकारी दिएको छ।

सन् २०२१ मा कुल ३२ हजार चार सय २५ गैरकानूनी आप्रवासीहरूलाई उद्धार गरी लिबिया फर्काइयो। सन् २०११ मा दिवङ्गत नेता मुअम्मर गद्दाफीको पतनपछि लिबियाले असुरक्षा र अराजकताको सामना गरिरहेको छ।

यस उत्तर अफ्रिकी देशलाई भूमध्यसागर पारगरी युरोपेली किनारमा जान चाहने अनियमित आप्रवासीहरूको लागि प्रस्थानको एक केन्द्रबिन्दु बनाएको छ।

### युक्रेनको सीमाक्षेत्र रुसी एयरफिल्डमा 'ड्रोन' आक्रमण

मस्को, २० मङ्सिर (रासस/एएफपी)।

एक चालकरहित विमान (ड्रोन)ले युक्रेनको सीमा क्षेत्रमा रहेको रुसको कुर्स्क क्षेत्रको एक एयरफिल्डमा आक्रमण गरेको छ।

मस्कोले युक्रेनलाई दुई रूसी एयरफिल्डमा ड्रोन हमलाको लागि दोष लगाएको एक दिनपछि स्थानीय गभर्नरले मङ्गलबार सो जानकारी दिनुभएको छ।

कुर्स्क एयरफिल्डको क्षेत्रमा ड्रोन आक्रमणको परिणामस्वरूप एउटा तेल भण्डारण ट्याङ्कीमा आगो लागेको तर कुनै हताहत नभएको गभर्नर रोमन स्टारोवोइटले समाजिक सञ्जालमा जानकारी दिनुभएको छ।

### बम विस्फोटमा सात कर्मचारी मारिए

अफगानिस्तान (मजार-ए-शरीफ), २० मङ्सिर (रासस/सिन्ह्वा)।

अफगानिस्तानको उत्तरी भागमा पर्ने बाल्ख प्रान्तको राजधानी मजार-ए-शरीफमा मङ्गलबार सरकारी कर्मचारी चढेको एक बसमा विस्फोट हुँदा सात कर्मचारीको मृत्यु भएको छ भने अन्य छ जना घाइते भएका छन्।

प्रान्तीय प्रहरी प्रवक्ता मोहम्मद आसिफ वाजिरीका अनुसार सीमावर्ती शहर हिरातनको पेट्रोलियम निर्देशनालयका कर्मचारी चढेको बसले सडक किनारमा राखिएको बम कुल्चँदा उक्त हताहति भएको हो।

यसैबीच, नाम उल्लेख गर्न नचाहने एकजना प्रत्यक्षदर्शीले मृतकको सङ्ख्या पुष्टि गरिएको भन्दा बढी हुन सक्ने बताएका छन्। विष्फोटको जिम्मेवारी कुनै समूह वा व्यक्तिले लिएको छैन।

# संसदमा विधेयक : केही उपलब्धि, केही निष्क्रिय

काठमाडौँ, २० मङ्सिर (रासस) ।

प्रतिनिधिसभाको अघिल्लो कार्यकाल समाप्त भएसँगै निष्क्रिय भएका दर्जनौँ विधेयक अब फेरि शून्य अवस्थाबाट मात्र सुरु हुने भएको छ । लामो समय, ठूलो खर्च र झन्झटिलो प्रक्रिया पूरा गर्दै निश्चित विन्दुमा पुगिसकेका त्यस्ता विधेयकले आउँदो प्रतिनिधिसभामा फेरि सुरुदेखिका सबै प्रक्रिया पूरा गर्नुपर्नेछ ।

अघिल्लो प्रतिनिधिसभाको कार्यकाल समाप्त भएसँगै २७ वटा विधेयक निष्क्रिय भएका र १२ वटा विधेयक सरकार आफैँले फिर्ता लिएको संसद् सचिवालयका सह-प्रवक्ता दशरथ धमलाले बताउनुभयो । राष्ट्रियसभाबाट सात र प्रतिनिधिसभाबाट पाँच गरी १२ वटा विधेयक सरकारले फिर्ता लगेको हो ।

राजनीतिक दलबीच सहमति र समझदारी हुन नसक्दा यसअघिको कार्यकालमा ती विधेयक निष्क्रिय बन्न पुगेका हुन् । संसद्को एउटा कार्यकाल समाप्त भएसँगै प्रतिनिधिसभाबाट उत्पत्ति भएका र निष्कर्षमा नपुगेका सबै विधेयक निष्क्रिय बन्न पुगेका थिए । सङ्घीय संसद्को पहिलो कार्यकाल शुरु भएयता एक सय ५३ विधेयक दर्ता भएका थिए ।

तीमध्ये एक सय एक विधेयक भने राष्ट्रपतिबाट प्रमाणीकरण भई कानून कार्यान्वयनको चरणमा छन् । संसद्बाट पारित भई प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पठाइएको नेपालको नागरिकतासम्बन्धी संशोधन विधेयकमा भने प्रगति हुन सकेन । राष्ट्रियसभामा उत्पत्ति भएका १२ विधेयक पनि अहिले त्यहाँ विचाराधीन अवस्थामा रहेको सूचना अधिकृत धमलाले बताउनुभयो ।

निष्क्रिय भएका २७ मध्ये प्रतिनिधिसभामा उत्पत्ति भई त्यहाँ विभिन्न चरणमा रहेका २१ वटा विधेयक थिए । त्यस्तै राष्ट्रियसभामा उत्पत्ति भई प्रतिनिधिसभामा पठाइएका पाँच वटा विधेयक फिर्ता नहुँदै प्रतिनिधिसभाको कार्यकाल सम्माप्त भएकाले ती विधेयक पनि निष्क्रिय हुन पुगे ।

त्यस्तै, प्रतिनिधिसभामा उत्पत्ति भई राष्ट्रियसभामा प्रक्रियागत चरणमा रहेको एउटा विधेयक पनि सोही सभाको कार्यकाल समाप्त भएसँगै निष्क्रिय बन्न पुग्यो ।

संसदमा सरकारी र गैरसरकारी विधेयकले प्रवेश पाउँदै आएको छ । सरकारी विधेयक मन्त्री तथा गैरसरकारी विधेयक सांसदले पेश गर्ने कानूनी व्यवस्था छ ।

सुरक्षा निकाय र आर्थिकसँग सम्बन्धित विधेयक भने सरकारका मन्त्री आफैँले दर्ता गराउनु पर्ने संवैधानिक व्यवस्था छ ।

---

## *सीके राउतद्वारा ...*

गरेका छन् ।

सत्ता सहकार्यका लागि विभिन्न कोणबाट छलफल सुरु भइरहेको समयमा अध्यक्ष राउतको यो खालको भेटघाटलाई चासोपूर्वक हेरिएको छ । अझ महत्त्वपूर्ण त यो छ कि राउतले अहिलेसम्म जतिजनालाई भेटेका छन्, ती सबै सत्ता गठबन्धनमा रहेका तथा त्यस निकट रहेका नेतामात्र छन् ।

जनमत पार्टीका नेताहरुले यो भेटघाट सामान्य रहेको दाबी गरिरहेका छन् । अध्यक्ष राउत प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएपछि अन्य नेताहरुसँग बधाई तथा शुभकामना साटासाटका लागि मात्र यो भेटघाट भइरहेको उनीहरुको दाबी छ ।

राउतले जेलमा रहेका रेशम चौधरीदेखि लिएर तीन जना पूर्वप्रधानमन्त्री तथा वहालवाला प्रधानमन्त्री शेरबहादुर देउवासम्मलाई भेटिसकेका छन् । एमालेका अध्यक्ष केपी शर्मा ओली, जसपाका अध्यक्ष उपेन्द्र यादव, लोसपाका अध्यक्ष महन्थ ठाकुरलाई उनले भेट्न बाँकी छ । उनीहरुसँग पनि एक दुई दिनमा भेट गर्ने उनका पार्टीका नेताहरु बताउँछन् ।

मंसिर १३ गते काठमाडौं आउने क्रममा जनकपुर विमानस्थलमा नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिसँग अध्यक्ष सीके राउतको भेट भएको थियो ।

अध्यक्ष राउत सत्ता गठबन्धनलाई सघाउनेमा प्रतिवद्ध भएपछि कांग्रेसका सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवासँग मंसिर १५ गते बालुवाटारमा भेटेका थिए ।

बालुवाटारको भेटमा अध्यक्ष राउतले सत्ता गठबन्धनले बनाउने सरकारलाई सघाउने प्रतिवद्धता जनाएको कांग्रेस नेता निधिले सार्वजनिक गरिसकेका छन् ।

त्यही दिन अध्यक्ष राउतले माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड र कांग्रेसका नेता एवं गृहमन्त्री बालकृष्ण खाँणसँग छुटुटाछुट्टै भेट गरेका थिए । सन्दर्भ चुनाव जितेपछि शुभकामना तथा बधाई साटासाट रहे पनि भेटघाटको मुख्य विषय सत्ता सहकार्य नै थियो ।

त्यसको भोलिपल्ट मंसिर १७ गते अध्यक्ष राउतलाई उनकै पार्टीले काठमाडौंमा बधाई तथा शुभकामनाका लागि कार्यक्रम आयोजना गरेको थियो । त्यसको भोलिपल्ट मंसिर १८ गते जनमतका अध्यक्ष राउतले कांग्रेसका उपसभापति पूर्णबहादुर खड्का र सो पार्टीका प्रवक्ता डा.प्रकाशरण महतलाई छुट्टाछुट्टै भेटेका थिए । सो भेटको प्रयोजन पनि सत्ता सहकार्य नै थियो । त्यहाँ पनि उनले सत्ता गठबन्धनलाई सघाउने प्रतिवद्धता जनाएका थिए ।

मंसिर १९ गते अध्यक्ष राउत नागरिक उन्मुक्ति पार्टी गठन गरेका रेशम चौधरीलाई भेट्न जेल मै पुगेका थिए । जेलमा बधाई तथा शुभकामना साटासाट गरेपछि सत्ता सहकार्यबारे दुवै जनाको बीचमा कुराकानी भएको भेटमा सहभागी एक नेताले बताए ।

अध्यक्ष राउतले त्यही दिन नेपाल समाजवादी पार्टीका अध्यक्ष डा.बाबुराम भटराई, लोसपाका वरिष्ठ नेता राजेन्द्र महतो, लोसपाका नेता शरतसिंह भण्डारीलगायत छुट्टाछुट्टै भेटिसकेका छन् । उनले नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाललाई समेत भेटेका छन् ।

यता जनमत पार्टीका महासचिव चन्दन सिंहले यी सबै भेटघाट सामान्य रहेको दाबी गर्दै आएका छन् । सरकार निर्माण तथा सत्ता सहकार्यका लागि चहल पहल भइरहेको बेला नेताहरु बीच भेट हुँदा त्यस विषयमा कुराकानी हुनु सामान्य भए पनि अध्यक्ष राउतले कसैलाई कुनै प्रकारको आश्वासन नदिएको उनले बताए ।

जनमत पार्टी संघीय सरकारदेखि लिएर मधेस प्रदेश सरकारमा सहभागी हुनका लागि पनि इच्छुक रहेको राजनीति बृतमा निकै चर्चा रहेको छ । विभिन्न अनलाईनको सहयोगमा यो समाचार तयार पारिएको ।

## *६५ निर्वाचन ...*

८) राजेन्द्रकुमार राई (धनकुटा)
९) ऋषिकेश पोखरेल (मोरङ-२)
१०) भीमप्रसाद आचार्य (सुनसरी-२)
११) भगवती चौधरी (सुनसरी-३)
१२) मानवीर राई (सोलुखुम्बु)
१३) अम्वरबहादुर रायामाझी (उदयपुर-२)
१४) रामशंकर यादव (सिराहा-१)
१५) लिलानाथ श्रेष्ठ (सिराहा-३)
१६) जुलीकुमारी महतो (धनुषा-३)
१७) रघुवीर महासेठ (धनुषा-४)
१८) लक्ष्मी महतो कोइरी (महोत्तरी-१)
१९) हरिप्रसाद उप्रेती (सर्लाही-३)
२०) अच्युतप्रसाद मैनाली (बारा-१)
२१) ज्वालाकुमारी साह (बारा-३)
२२) राजकुमार गुप्ता (पर्सा-३)
२३) कृष्णगोपाल श्रेष्ठ (काठमाडौं-९)
२४) प्रेमबहादुर महर्जन (ललितपुर-२)
२५) गोकुलप्रसाद बाँस्कोटा (काभ्रेपलाञ्चोक-२)
२६) महेशकुमार वर्तौला (मकवानपुर-२)
२७) पृथ्वी सुब्बा गुरुङ (लमजुङ)
२८) मनबहादुर गुरुङ (कास्की-१)
२९) विधा भट्टराई (कास्की-२)
३०) दामोदर पौडेल वैरागी (कास्की-३)
३१) पदम गिरी (पर्वत)
३२) गोकर्ण विष्ट (गुल्मी-२)
३३) नारायणप्रसाद आचार्य (पाल्पा-१)
३४) ठाकुरप्रसाद गैरे (पाल्पा-२)
३५) टोपबहादुर रायमाझी (अर्घाखाँची)
३६) छविलाल विश्वकर्मा (रुपन्देही-१)
३७) विष्णुप्रसाद पौडेल (रुपन्देही-२)
३८) बासुदेव घिमिरे (रुपन्देही-५)
३९) बलराम अधिकारी (कपिलवस्तु-१)
४०) मंगलप्रसाद गुप्ता (कपिलवस्तु-३)
४१) सूर्यबहादुर थापा क्षेत्री (प्यूठान)
४२) सूर्यप्रसाद ढकाल (बाँके-१)
४३) दामोदर भण्डारी (बैतडी)
४४) तारा लामा तामाङ (कञ्चनपुर-१)

**नेकपा (माओवादी केन्द्र) का सांसदः**

१) सुदन किराती (भोजपुर)
२) अमनलाल मोदी (मोरङ-४)
३) रामकुमार राई (खोटाङ)
४) महिन्द्र राय यादव (सर्लाही-२)
५) लेखनाथ दाहाल (सिन्धुली-२)
६) हितबहादुर तामाङ (नुवाकोट-१)
७) सूर्यमान तामाङ (काभ्रेपलाञ्चोक-१)
८) माधव सापकोटा (सिन्धुपाल्चोक-१)
९) पुष्पकमल दाहाल (गोरखा-२)
१०) देवेन्द्र पौडेल (बागलुङ-२)
११) पूर्णबहादुर घर्ती मगर (रुकुम पूर्व)
१२) वर्षमान पुन (रोल्पा)
१३) रेखा शर्मा (दाङ-२)
१४) महेन्द्रबहादुर शाही (कालिकोट)
१५) छिरिङ डम्डुल लामा (हुम्ला)
१६) शक्तिबहादुर बस्नेत (जाजरकोट)
१७) जनार्दन शर्मा (रुकुम पश्चिम)
१८) गंगा कार्की (दोलखा)

**नेकपा (एकीकृत समाजवादी)का सांसदः**

१) माधवकुमार नेपाल (रौतहट-१)
२) कृष्णकुमार श्रेष्ठ (बारा-४)
३) राजेन्द्रप्रसाद पाण्डे (धादिङ-१)
४) मेटमणि चौधरी (दाङ-१)
५) प्रकाश ज्वाला (सल्यान)
६) धनबहादुर बुढा (डोल्पा)
७) अम्मरबहादुर थापा (दैलेख-१)
८) शेरबहादुर कुँवर (अछाम-१)
९) भानुभक्त जोशी (बझाङ)
१०) प्रेमबहादुर आले (डोटी)

**जनता समाजवादी पार्टी, नेपालका सांसदः**

१) अशोककुमार राई (सुनसरी-१)
२) नवल किसोर साह सुडी (सप्तरी-१)
३) राज किशोर यादव (सिराहा-२)
४) वीरेन्द्रप्रसाद महतो (सिराहा-४)
५) दीपक कार्की (धनुषा-१)
६) रामसहाय प्रसाद यादव (बारा-२)
७) प्रदीप यादव (पर्सा-१)

**राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसदः**

१) राजेन्द्रप्रसाद लिङ्देन (झापा-३)
२) दीपकबहादुर सिंह (मकवानपुर-१)
३) विक्रम पाण्डे (चितवन-३)
४) दीपक बोहरा (रुपन्देही-३)
५) धवलशम्मशेर जगंबहादुर राणा (बाँके-२)
६) धुव्रबहादुर प्रधान (नवलपरासी पश्चिम-२)
७) ज्ञानबहादुर शाही (जुम्ला)

**राष्ट्रिय स्वतन्त्र पार्टीका सांसदः**

१) सोविता गौतम (काठमाडौं-२)
२) शिशिर खनाल (काठमाडौं-६)
३) गणेश पराजुली (काठमाडौं-७)
४) विराजभक्त श्रेष्ठ (काठमाडौं-८)
५) तोसीमा कार्की (ललितपुर-३)
६) हरि ढकाल (चितवन-१)
७) रवि लामिछाने (चितवन-२)

**लोकतान्त्रिक समाजवादी पार्टीका सांसदः**

१) शरतसिंह भण्डारी (महोत्तरी-२)
२) महन्थ ठाकुर (महोत्तरी-३)
३) रामप्रकाश चौधरी (सर्लाही-१)
४) सर्वेन्द्र नाथ शुक्ला (रुपन्देही-४)

**नागरिक उन्मुक्ति पार्टीका सांसदः**

१) रञ्जिता श्रेष्ठ (कैलाली-१)
२) अरुनकुमार चौधरी (कैलाली-२)
३) गंगाराम चौधरी (कैलाली-३)

**राष्ट्रिय जनमोर्चाका सांसदः**

१) चित्रबहादुर केसी (बागलुङ-१)

**नेपाल मजदुर किसान पार्टीका सांसदः**

१) प्रेम सुवाल (भक्तपुर-१)

**जनमत पार्टीका सांसदः**

१) चन्द्रकान्त राउत 'सीके' (सप्तरी-२)

**स्वतन्त्र सांसदः**

१) योगेन्द्र मण्डल 'जोगिसर' (मोरङ-५)
२) अमरेशकुमार सिह (सर्लाही-४)
३) किरणकुमार साह (रौतहट-२)
४) प्रभु साह (रौतहट-३)
५) लालवीर चौधरी (बर्दिया-२)


बालविवाह सामाजिक र कानूनी अपराध हो।

➢ बीस बर्ष नपुगी विवाह नगरौं र नगराऔं,
➢ उमेर नपुगी गरेको विवाह सामाजिक र कानूनी अपराध हो,
➢ त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुबै हुने कानूनी व्यवस्था छ।

नेपाल सरकार
विज्ञापन बोर्ड








देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु → ipay remit, City Express, Best Remit, Prabhu Money Transfer, IME, himal remit, CG Money

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*